जिल्ला र बीरगञ्जसम्मका आफ्ना आफ्ना मातहतका अड्डाखानालाई आदेश गराउन सबै मन्त्रालयहरूलाई आदेश लेखी गएकोले यो सूचना प्रकाश गरिदिएको छ ।

आज्ञाले—

हिमालयशमशेर,

सेक्रेटरी — अर्थमन्त्रालय.

# अर्थमन्त्रालयको सूचना

## चुरोटको महसूल

चुरोटमा पैठारी महसूल देहायबमोजिम लिने मन्त्रिमण्डलबाट निर्णय भई आएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला ।

(१) भारतको पैठारी महसूल फिर्ता हुने गरी पैठारी गरिएका समुद्रपार मुलुकको चुरोटमा बी. फारामबमोजिम महसूल लिने ।

(२) भारतमा तयार भएको र भारतको अन्तःशुल्क फिर्ता दिने गरी पैठारी गरिएका चुरोटमा भारतको अन्तःशुल्कजति लिने ।

(३) भारतमा तयार भएको, तर भारतको अन्तःशुल्क फिर्ता नहुने गरी पैठारी गरिएको चुरोटमा।—

(१) एक हजारको मोल कं.रु १० सम्म पर्ने हजार गोटाके कं.रु— २

(२) एक हजारको मोल कं.रु १० भन्दा बढी २० सम्म पर्ने हजार गोटाके कं.रु — — — — — ३

(३) एक हजारको मोल कं.रु २० भन्दा बढी ३० सम्म पर्ने हजार गोटाके कं.रु — — — — ५

(४) एक हजारको मोल कं.रु ३० भन्दा बढी ४० सम्म पर्ने हजार गोटाके कं.रु — — — — ७

(५) एक हजारको मोल कं.रु ४० भन्दा बढी ५० सम्म पर्ने हजार गोटाके कं.रु — — — — ९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र

(६) एक हजारको मोल कंरु ५० भन्दा बढी ६० सम्म पर्ने हजार गोटाके कंरु — — — — ११

(७) एक हजारको मोल कंरु ६० भन्दा बढी ७० सम्म पर्ने हजार गोटाके कंरु— — — १२

(८) एक हजारको मोल कंरु ७० भन्दा बढी पर्ने हजार गोटाके कंरु — — — — — १५

(४) नेपालमा तयार भएको चुरोटमा कंरु १ प्रतिहजार ।

टिप्पणी:—

(१) मोलको अर्थ भारतको अन्तःशुल्क समेतको मोल हो ।

(२) उपरोक्त दरबन्दीमा कंरुलाई मोरु गर्नुपर्दा कंरु १०० बराबर मोरु १२५। गर्नु ।

आज्ञाले—

हिमालयशमशेर,

सेक्रेटरी — अर्थमन्त्रालय (आयविभाग).

## अर्थमन्त्रालय (आय–विभागको) सूचना

कपडामा निकासी पैठारीको महसूल

कपडामा पैठारी महसूल देहायबमोजिम लिने मन्त्रिमण्डलबाट निर्णय भई आएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला ।

(१) मिडियम र कोर्सवानाको कपडामा १ पाई प्रतिगज र फाइन, सुपरफाइन वानाको कपडामा ३ पाई प्रतिगजको दरले महसूल लिनु ।

(२) यो दर उपत्यकाञ्चलसम्बन्धी भन्सारहरू अर्थात्— काठमाडौं भन्सार, गौचर भन्सार, चिसापानी भन्सार, छेलेलप्से भन्सार, टिष्टुंपाळुं भन्सार, खोपासी भन्सारहरूमा लागू हुनेछैन ।

…ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि